**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६३ माघ २१**

---

**अनावश्यक घातक बल प्रयोग नगर्न उच्चायुक्तको कार्यालय, नेपालद्वारा सुरक्षाफौजलाई आह्वान**

तराईमा हिंसा रोक्न र थप मृत्यु तथा गम्भीर घाइते हुन नदिन अविलम्ब उपायहरू उठाउन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल आफ्नो आह्वान दोहोऱ्याउँदछ। आज, उच्चायुक्तको कार्यालय, नेपालको टोलीले पर्सा जिल्लास्थित वीरगंजमा कर्फ्युको क्रममा सुरक्षाफौजले गरेको घातक बलको प्रयोगका गम्भीर परिणामहरू फेरि प्रत्यक्ष देखेको छ, जसबाट प्रहरीले एउटा भिडलाई ताकेर गोली प्रहार गरेपछि प्राणघातक चोटपटक भएको छ। माघ ५ गतेयता १६ जनाको मृत्यु र ठूलो सङ्ख्यामा गम्भीर घाइते भएको र तीमध्ये धेरैलाई प्रहरीद्वारा गोली प्रहार गरिएको भन्ने उच्चायुक्तको कार्यालय, नेपालद्वारा पुष्टि गरिएको छ। तिनलाई गोली प्रहार गरिएका घटनाका परिस्थितिबारे उच्चायुक्तको कार्यालय, नेपालले आफ्ना छानबिन जारी राखेको छ।

"*शान्ति व्यवस्था सुनिश्चत गर्ने सुरक्षाफौजको कार्य कठिन छ भनी स्वीकारे तापनि, कर्फ्यू लगाउने कार्यले गैरप्राणघातक परिस्थितिमा जीवित गोलीको प्रयोगलाई उचित ठहऱ्याउँदैन*" प्रतिनिधि लेना सुन्धले भन्नुभयो।

**For further information contact Mr. Chun B. Gurung at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org**